# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission, Nepal

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


# प्रेस विज्ञप्ति

२८ असार, २०७७

### बाढी, पहिरो तथा डुबान पीडितहरुको उद्धारमा जुट्न आग्रह ।

केही दिन देखिको अविरल वर्षाका कारण बाढी, पहिरो, चट्याङ तथा डुबानमा परी म्याग्दी, सिन्धुपाल्चोक, जाजरकोट, कास्की, संखुवासभा, लमजुङ, गुल्मी, रौतहट, नवलपरासी पश्चिम, चितवनलगायत विभिन्न जिल्लाहरुमा दर्जनौं नागरिकहरुको मृत्यु हुन गएको, झण्डै तीनदर्जन बढी बेपत्ता भएको, सयौं परिवार विस्थापित तथा घाइते भएको अवस्थाप्रति चिन्ता प्रकट गर्दै यस प्रकृतिक विपद्बाट हुन गएको जनधनको क्षतिप्रति आयोग गहिरो दुःख व्यक्त गर्दछ । आयोगका प्रदेश तथा प्रदेश शाखा कार्यालयहरुबाट पीडितहरुको अवस्था, उद्धार, राहत वितरण, स्वास्थ्योपचार बसोबासलगायतका विषयमा सूचना संकलन कार्य भैइरहेको छ ।

यसै सन्दर्भमा आयोगका माननीय सदस्य सुदिप पाठकले आज गृहसचिव महेश्वर न्यौपानेसँग प्राकृतिक विपद्को समयमा नेपाल सरकारले गरिरहेको पहल, उद्धार राहत तथा रोकथामको सम्बन्धमा छलफल गर्नुभएको छ । यसका साथै, क्वारेण्टिन व्यवस्थापन तथा सुरक्षा अवस्था, स्वास्थ्य परीक्षणको अवस्थाको सम्बन्धमा पनि छलफल भएको छ । छलफलमा गृह सचिव न्यौपानेले विपद् व्यवस्थापन तथा महामारीमा नेपाल सरकारले संवेदनशील भई कार्य गरिरहेको बताउनुभएको छ ।

बाढी, पहिरो तथा डुबानबाट वर्षेनी सयौं व्यक्तिहरुले ज्यान गुमाउनु परिरहेको यथार्थलाई दृष्टिगत गरी विकास निर्माणका कार्यहरुलाई मानव अधिकारमैत्री बनाउन, प्राकृति विपद्को रोकथाममा पूर्वतयारी अपनाउन, पीडितहरुको तत्काल उद्धार तथा स्वास्थ्य उपचारको व्यवस्था मिलाउन, प्रभावकारी राहत वितरण गर्न आयोग संघीय, प्रदेश तथा स्थानीय सरकारलाई आग्रह गर्दछ ।

.................

वेद भट्टराई

सचिव/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org